ऋषेश्वर/छ्युमी झ्याङछुप क्षेत्र सरसफाई महाअभियानमा कति सहभागिता ?। पृष्ठ ५ मा

# विकास

www.bikaskhabar.com
खबरपत्रिका साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-८
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com

● मकवानपुर, वर्ष-१८, अंक-०४ ● २०८२ साउन २६ गते सोमबार, ● 11 Aug, 2025, ● नेपाल सम्वत्-११४५, ● पृष्ठ-६, ● मूल्य रु. १०/-



### थाहा नगरपालिकाको शिखरकोटमा कृष्णजात्राको तयारी

# मिनी महोत्सवकै रूप लिँदै



शिखरकोट बजार क्षेत्र । फोटोः विशाल रायमाझी

विकास संवाददाता
थाहानगर

थाहा नगरपालिकाको शिखरकोटमा हरेक बर्ष मनाईने कृष्ण जन्माष्टमी जात्रा व्यवस्थित बनाउन तयारी तिब्र गरिएको छ । बिगत २८ वर्षदेखि थाहानगरको शिखरकोट बजारमा रहेका श्रीकृष्ण मन्दिर परिसरमा लाग्ने कृष्ण जन्माष्टमी मेला र घैंटो फुटाउने प्रतियोगिता ब्यवस्थित बनाउनको लागि बजार ब्यवस्थापन समिति शिखरकोट क्रियाशिल भईरहेको छ । जन्माष्टमी मेलालाई भब्य र प्रभावकारी बनाउनको लागि विविध रचनात्मक एवम् मनोरञ्जनात्मक कार्यक्रम सञ्चालन गर्ने तयारीमा आयोजक रहेका छन् ।

कृष्ण जन्माष्टमी मेलाको अवसरमा यसवर्ष श्रावण ३०, ३१ र भाद्र १ गते तीन दिन विविध कार्यक्रमको आयोजना गर्न लागिएको मेला व्यवस्थापन समिति संयोजक यादवजंग रायमाझीले बताए । कृष्ण जन्माष्टमी मेलाको अवसरमा यस वर्षदेखि सडक खाना महेत्सवको आयोजना गर्न लागिएको मोला व्यवस्थापन समितिका संयोजक रायमाझीले बताए । श्रावण ३० गतेदेखि सुरू हुने सडक खाना महोत्सव थाहा नगरमै पहिलेपटक आयोजना गर्न लागिएको रायमाझीको प्रतिक्रिया छ । खाना महेत्सवमा स्थानीय परिकारहरूलाई प्रथमिकता दिई प्रवर्द्धन गर्ने लक्ष्य आयोजकको रहेको छ । खाना महोत्सवको लागि कृष्ण मन्दिर ओरालोको थाहा गेट र विकास घरको आँगनमा स्टल ब्यवस्थापन गरिएको स्टल ब्यवस्थापन समिति संयोजक बिश्वनाथ रायमाझीले बताए ।

मेलाकै अवसरमा श्रावण ३० गतेदेखि भाद्र १ गतेसम्म राष्ट्रिय तथा स्थानीय कलाकारहरूको प्रस्तुति सहितको सांस्कृतिक कार्यक्रम हुने आयोजकले जनाएको छ । सास्कृतिक कार्यक्रममा लोकदोहोरी गायिका प्रतिमा अर्याल, गायक धिरज राई, बिश्व नेपाली, रमेशराज भट्टराई, सरोज लामिछाने लगायत स्थानीय कलाकारहरूको प्रस्तुति रहने बताईएको छ । मेलाको दोस्रो दिन स्थानीय नेवार, तामाङ समुदायको परम्परागत झाँकी प्रदर्शन गरिने कार्यक्रम रहेको आयोजकले जनाएको छ । सोही दिन केही बर्षदेखि नियमित सञ्चालन गरिएको लिटल राधाकृष्ण प्रदशनी हुनेछ । लिटल राधाकृष्ण प्रदर्शनीमा सहभागी हुने सबैलाई उपहारका साथै उत्कृष्ठ सहभागीलाई नगद पुरस्कारको व्यवस्था गरिएको आयोजकले जनाएको छ ।

ऐतिहासिक घैटो फुटाउने प्रतियोगिता मेलाको तेस्रो दिन घैटो फुटाउने प्रतियोगिता हुनेछ । घैटो फुटाउने प्रतियोगिता विगत २८ वर्षदेखि निरन्तर रूपमा सञ्चालनमा आएको छ । प्रतियोगितामा घैटो फुटाउन सफल समूहलाई सदा झै नगद पुरस्कारको ब्यवस्था गरिएको छ । घैटो फुटाउने प्रतियोगिताको सम्भावित जोखिमलाई कम गर्नको लागि अधिकतम सुरक्षाको ब्यवस्था गर्ने संयोजक सुमन बिष्टले बताए ।

मेला त्रिभुवन राजपथको मुख्य सडक क्षेत्रमा हुने भएकाले सडकमा अवरोध नहुने गरी व्यवस्थापन गरिने मेला व्यवस्थापन समिति संयोजक यादवजंग

बाँकी पेज ५ मा

# मकवानपुरगढीद्वारा बुदुनेमा बेलिब्रिज निर्माण

◆ विकास संवाददाता

मकवानपुरगढी गाउँपालिका-१ स्थित बुदुनेखोलामा ब्रेलिब्रिजको निर्माण कार्य सकिएको छ । गाउँपालिकाको बजेटमा तीन वर्षअघिबाट बुदुनेखोलामा बेलिब्रिज निर्माण सुरू गरिएकोमा योवर्ष मात्रै बेलिब्रिज जडानकार्य सम्पन्न भएको हो । बेलिब्रिज निर्माणसँगै हेटौंडा उपमहानगर पालिका र बकैया गाउँपालिका बासिन्दालाई आवागमनमा सहज भएको छ । मकवानपुरगढी गाउँपालिका-१ का वडाध्यक्ष आइतसिङ लोले तीनवर्षअघि पुल निर्माण गर्न जग, पिल्लरलगायत काम सम्पन्न भएकोमा अहिले बेलिब्रिज जडानकार्य सम्पन्न गरी सञ्चालन ल्याइएको जानकारी दिएका छन् । उनले ३५ लाख रूपैयाँको लागतमा पुल निर्माण गर्न जग, पिल्लरलगायत काम भएकोमा गत आर्थिक वर्ष २०८१/८२ मा मकवानपुर गढी गाउँपालिकाबाट विनियोजित २० लाख रूपैयाँको लागतमा बेलिब्रिज ल्याउने, जडान, रङरोगनलगायत कार्य पूरा भएको बताए । यातायात पूर्वाधार निर्देशनालय, हेटौंडामार्फत बेलिब्रिज उपलब्ध भएकोमा बेलिब्रिजका लागि नपुग फलाम खरिदसँगै रङरोगन, जडान, पहुँचमार्ग निर्माणलगायत कार्य गरी बेलिब्रिज सञ्चालनमा ल्याइएको उनले बताए ।

बेलिब्रिज निर्माणपछि मकवानपुरगढी गाउँपालिका-१ का बासिन्दासँगै बकैया गाउँपालिका-४ र ११ का बासिन्दालाई आवतजावत तथा हेटौंडा उपमहानगरपालिका-१८ का बासिन्दालाई घाँसदाउरा गर्न साझाकुरा संवाददाता सहज भएको छ । पुलको अभावमा विद्यार्थीलाई शैक्षिक संस्था पुग्न र स्थानीयलाई गाउँघरमा उत्पादित कृषिजन्य वस्तु बजार पुर्‍याउन समस्या हुँदा बर्खाको समयमा ज्यान जोखिममा राखेर आवागमन गर्नुपर्ने बाध्यता रहेको थियो ।

जम्मा १४ मेट्रिकटन मात्र भारवहन क्षमता रहेको बेलिब्रिजबाट मकवानपुर गढीसँगै आसपासका पाँच हजारभन्दा बढी नागरिक लाभान्वित हुने भएका छन् । "बेलिब्रिज निर्माणपछि वर्षायाममा आवागमनका लागि सहज भएको छ," वडाध्यक्ष लोले भने, 'बेलिब्रिजको पहुँचमार्ग सुधार, बेलिब्रिज र सडकको सुरक्षाका लागि गाउँपालिकाले चालु आर्थिक वर्ष २०८२/८३ मा १५ लाख रूपैयाँ विनियोजन गरेको छ ।'






प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
विकास
www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक
कार्यालयः थाहा-८ सम्पर्क नं. ९८०७५३३००
२०८२ साउन २६ गते सोमबार, 11 Aug., 2025, Monday
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७



www.bikaskhabar.com
bikaskhabar@gmail.com



# • सम्पादकीय •

## स्थानीय तहलाई उत्पादनमुखी हुने अवसर

देशका अधिकांश स्थानीय तहहरुले आगामी आर्थिक वर्ष २०८२/८३ का लागि बजेट सार्वजनिक गरी कार्यान्वयामा अघि सरिसकेका छन् । संघीय सरकारले जेठ १५, प्रदेश सरकारले असार १ र स्थानीय सरकारले असार १० गते बजेट ल्याउने परम्परा स्थापित हुँदै गएको छ । जसअनुसार कतिपय विवाद भएका पालिकाबाहेक अधिकांशले बजेट सार्वजनिक गरेका छन् । अहिले संघीय र प्रादेशिक बजेटमा ज्यादै नै विवाद भइरहेको छ । केही प्रदेशमा विवादका कारण बजेटमा छलफल नै शुरु भएको छैन भने संघीय बजेटमा उस्तै विवाद छ । खासगरी विकासे मन्त्रालय सम्हालेका मन्त्रीहरुले बजेट आफ्नो निर्वाचन क्षेत्रमा केन्द्रित गरेको भन्दै सांसदहरु आक्रोशित देखिन्छन् । यो बेलामा आएको स्थानीय तहको बजेट तुलनात्मकरुपमा कम विवादित देखिन्छ किनभने स्थानीय सरकार पूर्ण कार्यकाल चल्ने भएकाले अधिकांश पालिकाले गुरुयोजनाअनुसार नै बजेट ल्याएका छन् भने स्थानीय तहमा अल्पमत र बहुमतको सरकार नहुने भएकाले प्रायः अधिकांश दलहरुको सहभागितामा नै बजेट बन्ने गर्दछ । नेपालमा स्थानीय तहको अभ्यास भएको २०७४ सालपछि हो । नेपालको संविधानले २२ वटा एकल तथा अन्य साझा अधिकारसहित स्थानीय तहलाई अधिकारसम्पन्न सरकारकै हैसियतमा स्थापित गरेपछि नीति तथा कार्यक्रम र बजेट निर्माण, कार्यान्वयन र अनुगमनको जिम्मेवारी स्थानीय सरकारहरुले पूरा गर्दै आएका छन् । यो कार्यकालका जनप्रतिनिधिले अब आर्थिक वर्ष २०८३/८४ को मात्रै बजेट ल्याउन पाउँछन् ।

२०८४ वैशाखमा स्थानीय तह निर्वाचन भएपछि स्थानीय तहहरुको तेस्रो कार्यकाल शुरु हुन्छ । यहाँ चर्चा गर्न खोजेको विषय के हो स्थानीय तहको अभ्यास शुरु भएको एक दशकको नजिक पुग्न लाग्दा अब स्थानीय सरकारको भूमिका र विकास प्रवृत्तिमाथि बहस गर्ने बेला आएको छ । अन्य दुई तहको तुलनामा स्थानीय तहको भूमिका प्रभावकारी नै देखिएको छ । अहिले जनताको घरनजिकको सरकारको रुपमा सेवा प्रवाह गर्नेदेखि जनतालाई संकट पर्दा नजिकबाट साथ दिने स्थानीय सरकारहरु नै छन् । हिजो कोभिडदेखि अहिले भइरहने विभिन्न विपत्लगायतका संकटमा स्थानीय सरकार नै तदारुकताका साथ लाग्ने गरेका छन् । यसलाई अझै बलियो र प्रभावकारी बनाउनुपर्ने आवश्यकता त छँदैछ, अब विस्तारै स्थानीय तहहरुको विकासको प्रवृत्ति पनि बदल्नुपर्ने भएको छ । फेरिएको राजनीतिक व्यवस्थाअनुकूल जनताको आर्थिक, सामाजिक र सांस्कृतिक अवस्था बदल्नेतिर स्थानीय सरकार केन्ि■त हुनुपर्ने बेला आएको छ । त्यसका लागि स्थानीय पहिचान, आवश्यकता र सम्भावनालाई ध्यान दिँदै स्थानीय स्रोत साधनको यथोचित प्रयोगमार्फत् उत्पादनमुखी विकास मोडल अघि बढाउन आवश्यक छ । उत्पादन वृद्धि, युवाका लागि गाउँमै रोजगारी तथा स्वरोजगारी सिर्जना, उद्यमशीलताको विकास, जलवायु अनुकूल कृषि प्रविधि विस्तार, स्थानीय स्रोतको अधिकतम उपयोग र डिजिटल प्रविधिमा आधारित सेवा विस्तार आजका प्रमुख आवश्यकता हुन् । स्थानीय तहले उत्पादकत्व वृद्धिका कार्यक्रमलाई प्राथमिकतामा राख्ने हो भने जनताको सशक्तीकरण हुन्छ, रोजगारी बढ्छ, गाउँबाट शहरमा हुने बसाइसराइ कम हुन्छ र आत्मनिर्भर अर्थतन्त्रको जग बस्छ भन्ने तथ्य अहिले नै कतिपय पालिकाले स्थापित गरिसकेका छन् ।

स्थानीय तह जनप्रतिनिधिमार्फत् सञ्चालन हुने भएकाले यो सरकार नागरिकको पहुँचमा हुन्छ । जनसहभागिता, पारदर्शिता, जवाफदेहिता र सुशासन कायम गर्दै कृषि, सहकारी, स्थानीय उद्योग, सिपमूलक तालिम, लघु उद्यम र बजार पहुँच विस्तारमार्फत स्थानीय तहले आत्मनिर्भर अर्थतन्त्रको जग बसाउनेतिर आफूलाई केन्द्रित गर्न सक्छन् । यसरी समावेशी, उत्पादनमुखी र उत्तरदायी विकास गरेर जनताको अवस्था बदल्न र राज्यप्रति जनताको भरोसा बढाउन स्थानीय सरकारहरुले नेतृत्वदायी भूमिका निर्वाह गर्ने बेला आएको छ ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*


### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# मलाई बनाउन बिग्रेको मेरो गाउँ



सुमन भट्टराई

भूगोलमा घाम उदाउने डाँडाहरू अझै उस्तै छन् । घाम अस्ताउँदाको डाँडाहरूको जीवन उस्तै छ । बाँकी घाम र जूनले मान्छेहरूमा ल्याउने रौनक अब फेरियो । यहाँ, अब बसन्तमा कोइलीलाई सुनिदिने कानहरू घटे । कोइली भने, अझै उस्तै सुसाउँदो छिन् । प्रकृतिको रितहरूमा यहाँ कुनै क्रमभङ्गता छैन । मान्छेहरूको रित कृत्रिम हुँदोरहेछः फेरिराख्ने । यो जीवन मेरो गाउँको हो, जो मलाई बनाउने चक्करमा आफू पूरै बिग्रियो ।

अहिले रोपाइँको याम हो ! मानो रोपेर मुरी फलाउने चटारोले गाउँलाई खेद्नुपर्ने हो ! तर गाउँ अहिले सुनसान छ। एकाध खेतहरूमा हलगोरू दगुर्दै छन् । तर ती पनि अधियाँका होइनन्। किनकि अधियाँ गर्नेलाई आज खेत फालाफाल छ, तर गरिदिने हातहरू अब अपुग छन् । खेत हुनेहरू मधेश झरिसके। खेत बाझोपनको रोगमा सिकिस्त हुन गाउँमै छोडियो । यस्तै रहिरहे अबको आउने दशकमा गाउँका खेत सबै जङ्गलमा बदलिने छन् । खेतमा खेतीपाती मात्रै छुटेन। रोपाइँ मात्रै टुटेन । रोपाइँ एउटा सामूहिकता थियो। सामाजिकता थियो। सँगै रोपाइँका लोकभाकाहरू थिए । कर्मसँग जोडिएको एउटा रमाइलो थियो । शायद, त्यसैले यसलाई मेला भनियो। यसरी एउटा सिङ्गै मेला आज छुट्यो। एउटा सिङ्गै चलन, संस्कृति र तामझाम शहर झर्‍यो ।

शहर झर्नेहरू कहिलेकाहीं गाउँ फर्केलान्, तर रोपाइँका ती दिनहरू अब कहिल्यै नफर्केलान् । गाउँ आज आफ्नै मैझारो हुने दिनहरूमा बाँचिरहेछ, त्यसैले रोपाइँको मैझारोको रौनक अब यहाँ छैन । रोपाइँमा घर फर्किने चलन त अब अलप भयो । ठूला चाडहरू पनि अब गाउँमा भित्रिंदैनन् ! एक याम थियो, जहाँ बोलेरोको छतछतमा गाउँमा दशैं भित्रिन्थ्यो । लाहुरेहरूले सुटकेश र झोलाहरूमा चाडको रौनक बोकेर आउँथे। राजधानी र अन्य शहर बस्ने ठिटाहरूको अनुहारमा चाडको उमंग भित्रिन्थ्यो । विस्तारै ती सबै शहरको नाकाहरूमै अड्किए । अब दशैं गाउँ आउँदैन । तिहार गाउँ पस्दैन । तीजमा माइतीहरू यहाँ नाँच्दैनन् । ती सबै अहिले शहरमै अडिन्छन् । चाडबाडहरूले गाउँलाई जीवन्त बनाउँथे । यिनै पर्वहरूले हाम्रो सिङ्गो सुख धानेको थियो ! हाम्रो पूरै पहिचान यिनैमा थिए। हाम्रो संस्कृति, रीतिथिति, चालचलन भन्नु नै यिनै चाड थिए । जसको गाउँमा अब सम्झना छ; उल्लास छैन । चाडबाड आएको, गएको अब गाउँले पत्तो पाउन छोड्यो। वरभन्ज्याङको लाकुरीबाट बोलेरो आए-गएको गाउँले देख्छ, तर बोलेरोमा चाड आएको शायद उसले अब देख्न नपाउला !

अब, खर बाटेर पीङ हाल्ने हातहरू यहाँ छैनन् । कमेरोको सुगन्धमा घर ढाकिन पाउन छोड्यो ! आँगन खुर्कने जाँगरहरू अब हराए । कुलो, कोल्सो र करेसाहरू अचेल बढारिन्नन् । बाटो छेउको घाँस र झाडी अचेल सफा गरिन्नन् । कोट घर हरू आलो रगतको बास्नामा अचेल छोपिन्नन् । जुवातासका खालहरू पनि सबै उठेर शहरमा बिसाइसके। सबै; सबै सकियो ! अब चाडहरूको ताप गाउँमा सेलाइसके। विचरा मेरो गाउँ; उसलाई अब बुढेसको रितले छोयो । आफैँसँगका मानव दौंतरीसँग अब उसले अन्तिम सासहरू फेर्दैछ । मेरो गाउँमा एउटा सानो फलैंचा बन्नुको पछाडि एउटा ठूलो कालखण्ड थियो । यहाँका ढिक, ढिस्का र गोठहरूका आफ्नै कथा छन् । आज चौपारीमा सुस्केरा बिसाउनेहरू सक्किए। तर एउटा चौपारीले सिङ्गो सभ्यताको सुस्केरा धानिदिएको थियो । हामी मान्छे भन्नु यिनै सामाजिक संरचनाहरूका उपज न हौं । त्यसैले, हाम्रो अन्तस्करणमा पछाडि छुटेको गाउँ छ। हामीले थाहै नपाई, हामीले गाउँ बोक्ने रहेछौं ! गाउँ बोल्ने रहेछौं । हाम्रो रहनसहन र व्यवहार मा सिङ्गो गाउँ खोपिएको हुने रहेछ। हामी गाउँको प्रतिनिधित्व गर्ने रहेछौं ! तर विस्तारै अब, हाम्रो सास सँगै, गाउँको प्रतिनिधि गर्नेहरू पनि हराएर जालान् । अहिले हामीले शहरमा आफूसँगै नेपाली समाजको नयाँ सामाजिक चरित्र बसाल्दैछौं । अब हाम्रा आउने कथाहरू बेग्लै खोपिनेछन् । र, गाउँ आज मैले गर्दा बिग्रेको हो। म जस्ता प्रतिनिधि पात्रहरू बनाउन मेरो गाउँ बिग्रिएको हो। समग्र मेरो पुस्तालाई बनाउन मेरो गाउँ आफू पूरै बिग्रियो । गाउँमा शिक्षा प्रणाली सबल भइदिएको भए मेरो बुवाआमाको पुस्ता मेरो लागि शहर बिसाइरहनुपर्ने थिएन ! खेतीपातीमा मौसमले हानिरहने बज्र सहन उहाँहरू तयार हुनुहुन्थ्यो ! टाढाको मेलो, सिंचाइका झन्झट र किसानीका दुःख सहनु सामान्य भइसकेको थियो ।

उकाली-ओराली नापिरहने पैतालालाई साँघुरो बाटोमा पनि गुनासो थिएन ! स्वास्थ्यका समस्यालाई नियति सम्झेर टारी सहने बानी परिसकेको थियो । तर शिक्षाको समस्याले समग्र हामी अघिको पुस्तालाई पिरोल्यो ! राज्यले उपयुक्त र गुणस्तरीय शिक्षाको वाचा कबुल्न सकेन र फलस्वरूप मेरो गाउँको रौनक विस्तारै शहर झर्न बाध्य भयो । बाटो, स्वास्थ्यचौकी र अन्य सेवा-सुविधा कुरिबस्ने सुविधा गाउँलाई थियो। तर गुणस्तरीय शिक्षा कुरिबस्दा सन्ततिको पढ्ने आयुले नेटो काटिसक्थ्यो। हाम्रो बुवाआमाको पुस्ताले आफूले भोगेको दुःख भावी सन्ततिमा दोहोरिएको हेर्न चाहनुभएन। त्यसैले हाम्रो भविष्यको उज्यालोको सम्झौतामा उहाँहरूले अँध्यारो अनुहारमा थातथलो छोडिदिनुभो । माओवादी द्वन्द्वको असरमा गाउँ छाड्नेहरू हामी नगण्य छौं । स्पष्ट छः हामीलाई लडिएको राजनीतिक द्वन्द्व भन्दा लडिनुपर्ने शैक्षिक द्वन्द्वले शहर धकेलेको थियो। त्यसैले कुनै बेला भरिभराउ हुने गाउँका हाम्रा सामुदायिक स्कूलहरू आज पूरै खाली छन् । विद्यार्थी संख्या भन्दा डेस्क-बेन्च धेरै भएका स्कूलहरू हाम्रा गाउँमा छन्। त्यसैले हामी बन्नुमा हाम्रो गाउँले धेरै मार खेप्यो ।

गाउँका विद्यमान आर्थिक, शैक्षिक, सामाजिक र संस्कृतिक सबै प्रणालीहरू भत्किए । त्यसैले हाम्रो पुस्ता, गाउँ भत्किएर बनेको पुस्ता हो।बसाइँसराइले केही गुन गाउँलाई नलगाएको पनि होइन । हिजो विश्वयुद्धमा लड्ने लाहुरेहरू थिए र राणा विरूद्ध लड्ने अलिकति राजनीतिक चेत भित्रियो । भकारीमा वर्षभरिलाई पुग्ने अन्न कमै साँचिन्थ्यो । पहाडको भूगोलले मनग्य उत्पादनलाई खासै सघाउँदैनथ्यो । प्रायः हाम्रो बुवाको पुस्ता सबैले सीमापारिका शहरहरूमा आफ्ना पाइताला नापिरहनुहुन्थ्यो र गाउँमा अलिअलि सह भित्रिन्थ्यो । लगत्तै पचास-साठी साल बीच गाउँलाई अरब ट्रेन्डले छोयो। जसले अति आवश्यक जीवनका आधारभूत तत्त्वहरू परिपूर्ति गर्न सघाउन थाल्यो । र हामीले आ-आफ्नो स्तर उकास्यौं । नेपाली राजनीति र शासन व्यवस्थाले एक शताब्दीमा लगाउन नसकेको गुन, हामीलाई अरब ट्रेन्डले एक दशकमा लगाएको छ। सुरूवाती आठ-दश वर्षको यो ट्रेन्ड हाम्रो समस्त जीवनरेखा सकारात्मक कोरिदिन निर्णायक छ । यसरी प्रत्येक गाउँ-शहरको ओहोरदोहोर र देश-विदेशको यात्राले गाउँलाई धेरै-थोरै सघाइराख्यो । गाउँ राजनीतिक, वैचारिक, आर्थिक र शैक्षिक सबै चेतहरूमा सग्लो हुन सिक्दैथियो । तर अहिले समय फेरियो। बसाइँसराइको चरित्र फेरियो । पहिले हामी गौंथली थियौं । ठाउँठाउँ चहार्थ्यौं र गुँडमा फर्कन्थ्यौं । तर अहिले, हामीले गुँड नै शहर सारिदियौं । र यसरी हाम्रो सबल भविष्यको चाहनाका निम्ति आफ्ना कामनाहरू गाउँमै बिसाएर हामी अघिको पुस्ताले बसिरहेको गुँड शहर झार्‍यो । आज, हाम्रो सहज जीवनको लागि, उहाँहरूले जन्मे-हुर्केको थातथलो छोड्नुभो । त्यसैले हामीमाथि उहाँहरूको छुटेको खुशी र चाहनाहरूको अभिभारा छ । आज हामी संसारका हरेक कुनामा फैलिएका छौं । हरेक महाद्वीपहरूमा हामीले पसिना बगाएका छौं । धेरथोर कीर्ति आर्जेका छौं । आज अमेरिका, अस्ट्रेलिया, बेलायत, जापानदेखि केन्या र क्युबा जस्ता देशहरू हाम्रा लागि अब कुनै नौलो संसार रहेनन् । उत्कृष्ट युनिभर्सिटी, कम्पनीदेखि सामान्य कार्य सञ्चालन हुने अफिसहरूमा हामी भरिभराउ छौं । एक टुक्रा गाउँको अंश बोकेका हामी नेपालीहरू आज संसारको हरेक चोकमा भेटिन्छौं । तर हाम्रो जीवनमा हरियाली छाउनका निम्ति गाउँले बाझोपनको मूल्य चुकाएको छ । त्यसैले हाम्रो पुस्ता संसारको हरेक कुनाहरूमा अगाडि बढ्नुका पछाडि, छुट्नुपरेको एउटा सिङ्गो गाउँ छ । हो, हामी तेस्रो विश्वमा जन्मियौं ! हाम्रो रोजाइ थिएनः नियति थियो। यो युगमा हामीले भोग्नुपर्ने र बुझ्नुपर्ने सारा संसार छ । जुन बुझ्नुपर्छ नै ! समय, प्रविधि र निवर्तमान परिस्थिति पछ्याउनुपर्छ नै ! त्यसैले संसारको हरेक कुनामा फैलिनु रहर र बाध्यता मात्रै नभएर अवसर र चुनौती दुवै हो ।

भविष्यको नेपाली समाजको रूपरेखा र समस्त देशको नियति रोज्ने अवसर आज हाम्रै काँधहरूमा छ ! जुन काँधहरू बन्नुका निम्ति आज गाउँघरका मूल खाँबाहरू पूरै मक्किएका छन् । सिरियाबाट अमेरिका बसाइँ सरेका दोस्रो पुस्ताका स्टिभ जब्सलाई आज हामी पढ्छौं। क्युबाबाट अमेरिका बसाइँसराइ गर्न दोस्रो पुस्ताका जब्स बेजोसलाई आज हामी पढ्छौं । इटलीमा रोजर मरिनोलाई पढ्छौं। र छिमेकी मुलुकबाट प्रथम विश्वमा अनुकरणीय भूमिका खेलेका सुन्दर पिचाइहरू आज हाम्रा सामाजिक सञ्जालदेखि मस्तिष्कभरि भरिएका

*बाँकी पेज ३ मा*

# बालबालिकालाई साथीहरूको दबाब, प्रभावबाट कसरी बचाउने ?

बाल्यकाल अब पहिले जस्तो सरल छैन । पढाइ, साथीभाइ, फेसन र सामाजिक सञ्जालको दबाब र प्रभाव बालबालिकामाथि बढ्दै गइरहेको छ । साथीहरूको कुरा, व्यवहार र सामाजिक सञ्जालको चमक धमकले बच्चाहरूको मन र आत्मविश्वासलाई आँधीझैं हल्लाउँछ । जब आत्मविश्वास हल्लिन्छ, यो प्रभावले बालबालिकाको निर्णय क्षमतालाई असर गर्न थाल्छ । यस्तो अरूको प्रभावलाई 'प्रियर प्रेसर'को संज्ञा दिइएको छ ।

प्रियर प्रेसर अर्थात् साथीभाइको प्रभाव वा उनीहरूजस्तै हुनुपर्ने दबाब र प्रभाव । यो प्रभाव जसले बच्चालाई आफ्नो बाटो छोडेर अरूको पछि लाग्न बाध्य पार्छ । कहिलेकाहीँ यो दबाबले बच्चालाई राम्रो काम गर्न प्रेरित गर्छ, जस्तै पढाइमा ध्यान दिन । तर धेरैजसो स्थितिमा यसले गलत बाटोमा डोऱ्याउँछ, जहाँ बच्चाहरू आफ्नै मूल्य र निर्णय बिर्सन्छन् । जस्तो कि, अरूसँग महंगो फोन वा फेसन देख्दा आफूलाई कमजोर ठान्छ । दबाबले बच्चाको आत्मविश्वासलाई खिया लगाउँछ र उसलाई अरूको छाया बनाउँछ । यस्तोमा सकारात्मक वातावरण प्रदान गरेर बालबालिकालाई सही निर्णय लिन सिकाउनु उचित हुन्छ ।

### १. आत्मविश्वासको जग बलियो बनाउन प्रयास गर्ने

यदि बच्चालाई अरूजस्तो बन्नुपर्छ भनेर दबाब दिइँदैन, बच्चाको सानो प्रयासको पनि कदर गरिन्छ, बच्चा जस्तो छ त्यस्तै ठिक छ भनेर हौसला दिने र घरमा उसको क्षमता बुझिन्छ भने उसले अरूको कुरा सुनेर आफूलाई कम आँकलन गर्दैनन् । उनीहरूको आत्मविश्वासको जग बलियो बन्दै जान्छ ।

उदाहरण...

यदि बच्चाले भन्छ, 'आमा, मेरो साथीले फुटबल खेल्न नआएको कारण म कमजोर छु भनेर जिस्काउछन् ।'

यस्तो अवस्थामा अभिभावकले जवाफमा सबैजना सबै कुरामा राम्रो हुँदैनन् । प्रयास गरेमा चाहेको कुरामा सफल हुन सकिन्छ भनेर सम्झाउनुपर्छ ।

### २. सही र गलत छुट्याउन सिकाउने

सबैले गरिरहेको काम सधैं सही हुँदैन भन्ने कुरा बच्चालाई बुझाउनु धेरै महत्वपूर्ण छ । ऊसँग आफैं सोच्ने, न्याय गर्ने र निर्णय लिने क्षमता हुनुपर्छ ।

उदाहरणः

बच्चाले भन्छ, 'सबै साथीहरूले आफ्नो गृहकार्य गरिरहेका छैनन् किनभने शिक्षकले उनीहरूलाई धेरै गाली गर्दैनन् । त्यसैले म पनि गर्दिन ।'

यस अवस्थामा रिसाउनुको सट्टा भन्न सकिन्छ, 'तिमीलाई अरूले गलत गरिरहेको थाहा छ । तर सोच, यदि अहिले आफ्नो गृहकार्य गरेनौं भने कक्षामा सिकेको कुरा पर्याप्त हुँदैन । प्रयास नै छैन भने परीक्षामा कमजोर साबित हुनेछौं के त्यो सही हुनेछ ? त्यसैले, जे सही छ त्यही गर्नुपर्छ, अरूको पछि लाग्नु हुँदैन ।'




### ३. आफ्नो निर्णयसँगै कारणहरु पनि दिन सिकाउने

बच्चालाई अरूको अगाडि मौन रहनु पनि गलत हो भनेर सिकाउनुपर्छ । जब कसैले उसको निर्णयमाथि प्रश्न गर्छ, उसले शान्त र तार्किक रूपमा आफ्नो जवाफ दिनुपर्छ ।

उदाहरणः

'मेरा साथीहरूले मेरो खाजा बोरिङ छ भन्छन्, तिनीहरूसँग बर्गर र पिज्जा छ, म तिनीहरूलाई केही भन्न सक्दिन ।' यदि उसले यस्तो भन्छ भने

उसलाई घरको खाजामा पौष्टिक छ । यसले मलाई दिनभर ऊर्जावान र ाख्छ, भन्ने जस्ता सकारात्मक जवाफ दिने अभ्यासबारे सम्झाउन सकिन्छ ।

### ४. दैनिक कुरा गर्ने र कुरा सुन्ने

बालबालिकाहरूसँगको कुराकानी अध्ययन वा सिकाउने र बुझाउने कुरामा मात्र सीमित हुनुहुँदैन । दिनमा १०–१५ मिनेट बच्चाको कुरा सुन्न र बुझ्नका लागि मात्र छुट्याउनुपर्छ ।

ता कि, उसलाई पक्का होस्–मेरो कुरा सुनिने छ । नियमित रूपमा गरिएको कुराकानीले प्रारम्भिक चरणमा नै उसका साथीहरूको दबाबलाई अन्त्य गर्न सक्षम हुनेछ ।

उदाहरणः

यदि बच्चाले भन्छ, 'मेरा साथीहरूले मेरो रफ कपीको मजाक उडाउँछन् ।'

यस्तोमा भन्न सकिन्छ, 'छोरा, तिमीलाई थाहा छ, कागज बनाउन धेरै रूखहरू काट्नुपर्छ । अब तिमीले यो रफ कपी प्रयोग गरेर प्रकृतिलाई कति मद्दत गरेको छौ भनेर मात्र सोच । त्यसैले, आफ्ना साथीहरूलाई भन कि तिमी एक वास्तविक नायक हौं ।'

### ५. नराम्रा प्रस्तावमा असहमति जनाउन सिकाउने

बच्चाहरू आफ्ना साथीहरूको गल्तीहरूमा संलग्न हुन्छन् किनभने उनीहरूलाई 'नाइँ' कसरी भन्ने थाहा हुँदैन । यस्तोमा असहमति व्यक्त गर्नु नराम्रो होइन, तर यो एक साहसी कदम हो भनेर बुझाउनुपर्छ ।

उदाहरणः

'साथीहरूले हामीलाई आज स्कूल बंक गरेर अन्तै जाउँ भनिरहेका छन् ।' यदि बच्चाले यसै भन्छ भने यसमा सहमति जनाउनुको सट्टा म पढाइ छोडेर रमाइलो गर्दिन, किनकि यसले मलाई हानि पुऱ्याउँछ । म घर गएर खेल्नेछु भनेर जवाफ दिन सिकाउन सकिन्छ ।

यसबाहेक अभिभावकले प्रेरणादायी कथाहरू सुनाउन सक्नेछन् । यसले उनीहरूको दिमाग सकारात्मक राख्नेछ ।

कहिलेकाहीं बच्चाहरू सल्लाह लिन चाहँदैनन्, तिनीहरू मात्र सहानुभूति र सुन्ने कोही चाहन्छन् । त्यसैले, उनीहरूको कुरा ध्यानपूर्वक सुन्ने गर्नुपर्छ । उनीहरूसँगै समाधान खोज्ने प्रयास गर्नुपर्छ । यसबाट बच्चाले हरेक समस्या समाधान गर्न सकिन्छ भन्ने सिक्छन् ।

## मलाई बनाउन.... ...

छन् ! र हाम्रै देशमा, पृथ्वीनारायण शाह गोर्खा राज्यमा मात्रै समेटिएको भए शायद हामी आजको नेपालको यो सिङ्गो स्वरूपमा हुँदैनथ्यौं । बीपी कोइराला र मनमोहन अधिकारीहरू भारतमा अङ्ग्रेज विरूद्धको आन्दोलनमा नलडेको भए, राणा विरूद्ध लड्ने साहस, संस्कार र क्रान्तिका प्रक्रियाहरू शायद अविलम्ब भित्रिंदैनथ्यो। र अरब ट्रेन्डले गाउँलाई नछोएको भए हामी अझैसम्म गाँसको लडाइँमै सीमित हुनेथियौं। त्यसैले आज प्रथम विश्वमा संघर्ष गर्नेहरू प्रत्येकलाई एउटा सिङ्गो अवसर छ। देशको भविष्यको लागि निर्णायक शिक्षा, साहस, संस्कार र अनुभव सँगाल्ने अवसर र दायित्व दुवै छ।

त्यसैले प्रिय मेरा समकालीन पुस्ता, हाम्रो आफ्ना पीडा, वेदना, समस्या, संघर्ष र उल्झनहरू त छन् नै; जुन हरेक पुस्ताका आ–आफ्ना हुन्छन् । तर राजनीतिक व्यवस्था, आर्थिक परिस्थिति, सेवा–सुविधा, प्रविधि र अवसरहरूको सापेक्षतामा हामी नेपाली समाजको आजसम्मकै भाग्यमानी पुस्ता हौं । हाम्रो बुवाआमाको पुस्ता, हाम्रै लागि शहर झऱ्यो । हामी विकसित देशहरूको मेट्रोहरूमा बाक्लै भेटिन्छौं । तर त्यसको मूल्यमा आज गाउँघरमा बोलेरोहरू रित्तो ट्रिप हिंडिरहेछन् । आज ओपेरा हाउस, आइफेल टावर र बुर्ज खलिफामा हामी बाक्लै भेटिन्छौं तर त्यसको मूल्यमा हाम्रा देउराली र चौपारीहरू एक्लिएका छन् । जसलाई साक्षीले सघाउन बाँधिएका ध्वजाहरू छन्, बाँधिदिने हातहरू अब छैनन् । हामी माथि अघिल्लो पुस्ताको आँसु र चाहनाहरूको अभिभारा छ । र सिङ्गो पछाडि छुटेको गाउँको ऋण छः जसको लालपुर्जा धितो राखेर हामी प्रथम विश्वमा फैलिएका छौं । र भोलि आउने पुस्ताप्रति पनि हाम्रो दायित्व छ। र, समग्रमा नेपालको रूपरेखा कोर्ने दायित्व हामीमा छ ।

यहाँ, म जस्तो एक जना बन्नुका पछाडि एउटा सिङ्गो गाउँ बिग्रनु परेको छ ! त्यसैले हामीलाई कतै बिग्रने, भत्कने र रूमल्लिने छुट छैन ।

## यी खानेकुराले बढाउँछन् पेटमा ग्यास

कुनै पनि मानिसले ग्यास छोड्नु सामान्य प्रक्रिया हो । सामान्यतया एक व्यक्तिले दिनमा पाँचदेखि पन्द्र पटकसम्म ग्यास छोड्छ । सत्य कुरा के हो भने, यदि ग्यासका कारण हुने असहजता वा लाजलाई बेवास्ता गरियो भने, बढी ग्यास हुनु राम्रो स्वास्थ्यको संकेत मान्न सकिन्छ ।

यसको अर्थ तपाईंले ग्यास उत्पादन गर्ने, तर स्वास्थ्यका लागि लाभदायी खानेकुरा खाइरहनुभएको छ । ग्यास उत्पादन गर्ने खाद्यपदार्थ प्रायः मुटुका लागि फाइदाजनक हुन्छन् । यस्ता खानेकुरा फाइबरले भरिपूर्ण जटिल कार्बोहाइड्रेट हुन्छन् । हाम्रो शरीरले यी जटिल कार्बोहाइड्रेटहरू पूर्ण रूपमा पचाउन सक्दैन । तर आन्द्रामा रहेका लाभदायी ब्याक्टेरियाले यिनीहरूलाई तोड्छन् र त्यसक्रममा ग्यास उत्पादन हुन्छ । अब जानौँ, कुन–कुन खानेकुराबाट ग्यास बन्न सक्छ, कुन–कुन खानेकुराले ग्यासमा दुर्गन्ध ल्याउन सक्छन्, र ग्याससम्बन्धी समस्या भएमा कहिले चिकित्सकलाई देखाउनुपर्छ ।

**१. बोसोयुक्त खाना**

बोसो बढी भएका खानेकुराले पाचन प्रक्रियालाई सुस्त बनाउँछ । यसले खाना लामो समयसम्म आन्द्रामा रहन सक्छ र फर्मेन्ट हुन थाल्छ । यही कारणले ग्यासमा दुर्गन्ध आउन थाल्छ । उदाहरणका लागि, बोसोयुक्त रातो मासुमा मेथियोनिन नामक सल्फरयुक्त एमिनो एसिड हुन्छ । आन्द्रामा ब्याक्टेरियाले यसलाई हाइड्रोजन सल्फाइडमा बदल्छन्, जसको गन्ध सडेको अण्डाजस्तै हुन्छ ।

**२. बीन्स र दाल**

दाल तथा बीन्समा फाइबर धेरै हुन्छ, तर रेफिनोज नामक जटिल चिनी पनि हुन्छ । हाम्रो शरीर यसलाई सहजै पचाउन सक्दैन । यो आन्द्रामा पुगेपछि ब्याक्टेरियाले यसलाई टुक्र्याउँदा हाइड्रोजन, मिथेन र कहिलेकाहीँ सल्फर युक्त ग्यास बन्छ ।

यि बाहेक अण्डा, प्याज, दूध तथा डेयरी उत्पादन, गहुँ तथा पूरै अन्न ओट्स, गहुँ, जौ, आदि ब्रोकोली, फुलगोभी, आदिले पनि ग्याँस बढाउँछ ।

नगरौं विवाहका कुरा:
भएको छैन बीस वर्ष पुरा
बालविवाह सामाजिक अपराध हो, बालविवाह नगरौं, नगराऔं ।

बालविवाह गर्नु वा गराउनु सामाजिक अपराध हो र यो दण्डनीय छ । बालविवाह गरे वा गराएको पाइएमा नजिकको प्रहरी/वडा कार्यालय, बालक्लव, बालसञ्जालमा खबर गरौं । बालविवाह रोकौं, बालबालिकाको सुनौलो भविश्य निर्माणमा आजै देखि सबै लागौं ।
"सानै छु बढ्न देउ, विवाह हैन पढ्न देउ"
थाहा नगरपालिका
सामाजिक विकास शाखा
इन्द्रायणी चौर, मकवानपुर

थाहा नगरपालिकाको सूचना !
- आफ्नो घर भान्छाको फोहर सड्ने र नसड्ने (प्राङ्गारिक, अप्राङ्गारिक) गरि विभाजन गरौं । सड्ने फोहरलाई मल बनाऔं । नसड्ने फोहरलाई बर्गिकरण गरि महानगरपालिकाको फोहर बोक्ने गाडीमा पठाऔं ।
- महानगर क्षेत्रभित्र हर्नको प्रयोग नगरौं । ध्वनी प्रदुशणको न्युनिकरणमा सवै सचेत बनौं ।
- जथाभावी सडक पेटीमा फोहर नफालौं, सम्भावित जरिवानाबाट बचौं ।
- सडेगलेका बस्तु बिक्रि वितरण र प्रयोग नगरौं ।
- पशु चौपायाहरुलाई खुला र छाडा नछाडौं ।
- सडकपेटी र बाटो अवरुद्ध हुनेगरि निर्माण लगायत कुनैपनि सामाग्री नराखौं ।
- १६ बर्षभन्दा कम उमेरका बालबालिकालाई श्रममा नलगाऔं ।
- भूकम्प प्रतिरोधात्मक संरचना र आवास निर्माण गरौं ।
- खुल्ला राखिएका, फोहरपानी प्रयोग गरिएका, झिंगा भन्केका माछा मासु खरिद बिक्रि नगरौं/नगराऔं ।
- घर तथा भवन निर्माण पूर्व आफ्नो जग्गाको भूबनोट आदिमा विचार पुऱ्याऔं । विज्ञ प्राविधिकहरुको राय सल्लाह लिएर मात्र कार्य गरौं ।
- समयमै कर तिरौं । सभ्य नागरिकको परिचय दिऔं ।
- जन्म, मृत्यु, विवाह, बसाईसराई लगायतका घटनादर्ताहरु समयमै गरौं ।
थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

# हेटौंडाको कर्रामा गुम्बा उद्घाटन



◆ विकास संवाददाता

हेटौंडा-१० कर्रामा बिभिन्न दाताहरूको सहयोगमा चार बर्ष लगाएर निर्माण भएको गुम्बाको हेटौंडा उपमहानगर पालिकाका नगर प्रमुख मीनाकुमारी लामाले उद्धघाटन गरेकी छन् । हेटौंडा उपमहानगरपालिका कर्रामा रहेको सुखवती भुवन टासी जम्बुलिङ गुम्बा परिसरमा निर्माण भएको गुम्बाको उद्धघाटन गर्दै नगर प्रमुख लामाले लामो समयदेखि ओझेलमा परेको यो क्षेत्रको बिकासमा सबैको हातेमालो आवश्यक रहेको बताइन् ।

करिब ३४ बर्ष अघि बाट गुम्बा क्षेत्रको रूपमा बिकास हुन लागेको कर्राको यो भेगले सोचे अनुरूप बिकासको गति नलिएको उनले बताइन् । बजार क्षेत्रमा रहेपनि उपल्लो तहमा पहुँच अभाकका कारण ओझेलमा परेपनि अब उपमहानगरले बिकासको गतिलाई अघि बढाउँने बताइन् । उनले गुम्बाको पुर्वाधार बिकासका लागि पनि पालिकाले सहयोग गर्ने बताइन् । कर्रा पुलको दक्षिण भागबाट गुम्बा जाने बाटोलाई व्यवस्थित बनाउने काममा उपमहानगर लाग्ने बताइन् । उनले सडकलाई व्यवस्थित बनाएपछि अन्य बिकसको काम अघि बड्ने बताइन् । २०७८ सालमा हेटौंडा उपमहानगरपालिका, ९ र १० नम्बर वडा कार्यालयको गरी ३४ लाख रूपियाँ बजेटमा सुरू भएको गुम्बा व्यवस्थापन समितिले जनाएको छ । गुम्मा निर्माणमा सहयोग पुऱ्याएको भन्दै कार्यक्रममा उपमहानगर र ९ र १० नम्मर वडालाई सम्मान पत्र प्रदान गरीएको थियो ।

समितिका अनुसार स्थानिय निकाय बाहेर बिभिन्न क्षेत्रका व्यक्तीहरूले पनि गुम्बा निर्माणमा आर्थिक तथा अन्य सामग्री सहयोग गरेका छन् । भवन तयार भएपनि गुम्बामा हुनु पर्ने अन्य कामहरू बाँकि रहेको बताइएको छ ।

# बागमती प्रदेशको छैठौं मुख्यमन्त्रीमा बानियाँ

◆ विकास संवाददाता

बागमती प्रदेशको छैठौं मुख्यमन्त्रीका रूपमा ईन्द्रबहादुर बानियाँले २० साउनमा सपथ ग्रहण गरेका छन् । बिगत ३७ वर्षदेखि नेपाली राजनीतिमा क्रियाशील बानियाँ मुख्यमन्त्री भएका हुन् । मकवानपुरको हेटौंडा-१८ (तत्कालीन हर्नामाडी गाविस-४ मा जन्मिएका ५५ वर्षीय बानियाँले नेपाल विद्यार्थी संघबाट राजनीति सुरू गरेका थिए ।

पिता क्षेमबहादुर बानियाँ र माता प्रेमकुमारी बानियाँको कोखबाट २०२७ साल भदौमा उनको जन्म भएको हो । आइ.कम.सम्मको औपचारिक शिक्षा हासिल गरेका बानियाँले २०४६ सालमा नेपाल विद्यार्थी संघको मकवानपुर बहुमुखी क्याम्पस उपसभापति पदमा रहेर सांगठनिक जिम्मेवारी निर्वाह गर्न सुरू गरेका थिए । काँग्रेस राजनीतिमा अघि बढ्ने क्रममा २०५१ सालमा उनी काँग्रेस महाधिवेशन प्रतिनिधि भए । २०५२ सालमा नेपाल विद्यार्थी संघ, मकवानपुर जिल्लाको सहसचिवको जिम्मेवारी सम्हाले ।

विद्यार्थी जीवन सकिएपछि तरूण दलमार्फत राजनीति गरेका बानियाँ २०५५ सालमा नेपाली काँग्रेसको भातृ संस्था नेपाल तरूण दल, मकवानपुर जिल्ला सचिवको जिम्मेवारीमा रहे । उनले २०५६ सालमा नेपाल तरूण दल, मकवानपुरको नेतृत्वसमेत सम्हाले । २०५६ सालदेखि निरन्तर पार्टी महासमिति सदस्यको भूमिका उनी रहेका छन् । बानियाँ २०५८ सालमा नेपाली कांग्रेस मकवानपुर जिल्ला सदस्यको भूमिकामा रहे । पार्टी राजनीतिसँगै जनप्रतिनिधिको रूपमा निर्वाचित हुन पार्टीले पठाएसँगै उनी २०६४ सालमा संविधानसभा सदस्यमा प्रत्यक्षतर्फको उम्मेदवार बने । त्यतिबेला उनी निर्वाचनमा पराजित भए । उनी पुनः दोस्रो पटक २०७० मंसिर ४ गते मकवानपुर क्षेत्र नम्बर १ बाट प्रत्यक्षतर्फका संविधानसभा सदस्य निर्वाचित भए ।

पार्टी राजनीति पनि सँगसँगै अघि बढाएका बानियाँले झण्डै ५ वर्ष नेपाली काँग्रेस मकवानपुरको नेतृत्व गरे । उनी २०७२ माघ २५ देखि २०७८ मंसिरसम्म नेपाली कांग्रेस मकवानपुरको सभापतिको भूमिकामा काम गरे । संविधानसभा सदस्य रहेकै बेला २०७३ मंसिर १५ गते उनी नेपाल सरकारको संस्कृति पर्यटन तथा नागरिक उड्ययन राज्यमन्त्रीमा नियुक्त भए । त्यस्तै २०७३ फागुन ३० गते नेपाल सरकारको गृह राज्यमन्त्रीमा नियुक्त भई काम गरेका थिए ।

२०७४ मंसिर २१ गते भएको निर्वाचनमा मकवानपुर प्रतिनिधिसभा क्षेत्र नं. २ को (ख) बाट बानियाँ भारी मतान्तरले प्रदेशसभा सदस्यमा निर्वाचित बनेका थिए । २०७४ पुस ३ गते उनी सर्वसम्मत रूपमा नेपाली कांग्रेस बागमती प्रदेश संसदीय दलका नेतामा पनि चुनिएका थिए ।

२०७८ मंसिर २० गते भएको नेपाली कांग्रेस बागमती प्रदेशको निर्वाचनबाट बानियाँलाई प्रदेश सभापतिको जिम्मेवारीमा पुऱ्यायो । हालसम्म पनि उनी सोही भूमिकामा रहेका छन् ।

२०७९ मंसिर ७ गते भएको अर्को निर्वाचनमा पनि बानियाँ पुनः प्रदेशससभा सदस्य निर्वाचित भए । २०७९ को निर्वाचनपछि नेपाली काँग्रेस प्रदेश संसदीय दलको नेताका लागि बानियाँ पुनः अग्रसर बनेता पनि त्यतिबेला भने प्रतिस्पर्धी बहादुर सिंह लामासँग उनी पराजित भए । दलको नेता बनेसँगै २०८१ मा लामा प्रदेशको मुख्यमन्त्री बने । त्यसको १ वर्षपछि लामामाथि अविश्वास पैदा भई बानियाँसहितका बहुमत सांसदहरूले नेपाली काँग्रेस संसदीय दलको नेता परिवर्तनका लागि अविश्वासको प्रस्ताव दर्ता गराए । प्रस्ताव स्वीकृत भई २०८२ साउन १४ गते भएको काँग्रेस संसदीय दलको नेताको निर्वाचनमा बानियाँले प्रतिस्पर्धी लामालाई पराजित गरे । काँग्रेसका ३७ सांसदमध्ये बानियाँको पक्षमा २१ र लामाको पक्षमा १५ मत खसेको थियो । एक मत भने बदर भएको थियो ।

दलको नेतामा पराजित भएपछि मुख्यमन्त्री बहादुरसिंह लामाले २०८२ साउन १८ गते राजीनामा दिएका थिए । त्यसलगतै एमाले र काँग्रेसका बहुमत सांसदहरूले बानियाँलाई मुख्यमन्त्रीका रूपमा अघि सारेका हुन् । प्रदेश प्रमुख देवकोटाले साउन २० गते मंगलबार बागमती प्रदेशको मुख्यमन्त्री नियुक्त गर्दै बानियाँलाई सपथ ग्रहणसमेत गराएका छन् ।

## व्यक्तित्व



आइ.कम.सम्मको औपचारिक शिक्षा हासिल गरेका बानियाँले २०४६ सालमा नेपाल विद्यार्थी संघको मकवानपुर बहुमुखी क्याम्पस उपसभापति पदमा रहेर सांगठनिक जिम्मेवारी निर्वाह गर्न सुरु गरेका थिए । काँग्रेस राजनीतिमा अघि बढ्ने क्रममा २०५१ सालमा उनी काँग्रेस महाधिवेशन प्रतिनिधि भए ।

**बाल विवाह नगरौं**

**नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुवैको उमेर २० वर्ष पूरा भएको हुनुपर्ने व्यवस्था गरेको छ। त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु/गराउनु अपराध हो। बाल विवाह गर्ने, गराउने र सहभागी हुने सबैलाई कानूनले कारवाहीको दायरामा ल्याएको छ । बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।**

मुलुकी अपराध संहिता २०७४

| | |
|---|---|
| विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन (दफा १३३)। | तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ । |

विवाह गर्न पूरा हुनुपर्ने उमेर पूरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ।

इन्द्रसरोवर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट



काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,व्यानर तयार

AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340

हाम्रा अन्य सेवाहरू
- फ्लेक्स प्रिन्ट (व्यानर/साइनबोर्ड)
- होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
- फ्लेक्स फोटो/मायाको चिनो तयारी
- प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
- कार्यक्रमको व्याच तयारी
- विभिन्न डिजाइनका फ्रेमिङ
- फोटो स्टुडियो/पि.भि.सी. कार्ड

9855068340/9802068340

## ऋषेश्वर/छ्युमी झ्याङछुप क्षेत्र सरसफाई महाअभियान:

# दर्जनौं संस्थाका सयौंले सहभागीता जनाए

◆ विकास संवाददाता

मकवानपुर थहानगरमा रहेको ऋषेश्वर/छ्युमी झ्याङछुप क्षेत्र सरसफाई महाअभियान साउन महिनाका लागि सकिएको छ । ऋषेश्वर/छ्युमी झ्याङछुप क्षेत्र विकास समितिले साउन महिनालाई लक्षित गरी सञ्चालन गरेको महाअभियान सकिएको समितिका अध्यक्ष बिनोद कुमार लामाले जानकारी दिए ।

हिन्दु र बौद्ध धर्मावलम्वीहरूको साझा आस्थाको केन्द्र ऋषेश्वरमा साउन महिनाको प्रत्येक सोमबार भक्तजनहरूको भिड लाग्ने गरेको छ । भक्तजनहरूको उपस्थितीलाई ध्यानमा राख्दै क्षेत्र विकास समितिले ११ साउनमा नगर प्रमुख विष्णु बहादुर विष्टको प्रमुख आतिथ्यतामा सर सफाई महाअभियान शुभारम्भ गरिएको थियो। सरसफाई महाअभियानमा विभिन्न २२ संस्थाहरूको प्रतिनिधित्वमा १ सय ९० जनाले सहभागी जनाएका छन् ।



क्षेत्र विकास समितिले शुरू गरेको यो अभियानका लागि थाहा नगरपालिका, थाहा नगर प्रहरी, इलाका प्रहरी कार्यालय पालुङ, सिमभन्ज्याङ प्रहरी चौकी, एभरेस्ट क्लब दामन, शिखर क्लब शिखरकोट, सिमभन्ज्याङ/दामन/थानाबजार बजार व्यवस्थापन समिति, ऋषेश्वर टोल विकास संस्था थाहा-४, दामन-सिमभन्ज्याङ-नारायणझ्याउ, अघोर (मान्द्रे टोल विकास संस्था भिमफेदी-९, पोखरी संरक्षण समिति, सिमभन्ज्याङ, ऋषेश्वर सामुदायिक वन उपभोक्ता समूह, अघोर-महाभिर सामुदायिक बन उपभोक्ता समूह, नेपाल रेडक्रस सोसाईटी दामन उपशाखा, प्राथमिक स्वास्थ्य केन्द्र, पालङ, भोम्बो संघ मकवानपुर, पालुङ क्याम्पस, जनकल्याण साधारण तथा प्राविधिक विद्यालय, फरक सोच, ऋषेश्वर महिल खैजडी भजन समुह, राष्ट्रिय लोक चुड्का संरक्षण प्रतिष्ठान, थाहनगरलगायतको सहभागिता रहेको क्षेत्र विकास समितिका अध्यक्ष लामाले जानकारी दिए ।

ऋषेश्वर/छ्युमी झ्याङछुप क्षेत्र सरसफाई महाअभियान अन्तर्गत आउँदो भाद्र महिनाबाट पाक्षिक रूपमा शनिबार सरसफाई कार्यक्रम गर्ने अध्यक्ष लामाले जानकारी दिए । पहिलो चरणको साउन महिनामा सञ्चालन गरिएको महाअभियानमा नैतिक, आर्थिक, भौतिक सहयोग गर्ने सबैप्रति ऋषेश्वर/छ्युमी झ्याङछुप क्षेत्र विकास समितिले धन्यवादसहित आभार व्यक्त गरेको छ ।

# कैलाशको बेतिनीमा सामूदायिक स्वास्थ्य क्लिनिक भवन उद्घाटन

◆ विकास संवाददाता

मकवानपुरको कैलाश गाउँपालिका वडा नम्बर १० बेतिनीमा सामूदायिक स्वास्थ्य क्लिनिक भवन उद्घाटन गरिएको छ । २० साउनमा गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तानले एक समारोहबीच उद्घाटन गरेका हुन् । अध्यक्ष मुक्तानले स्वास्थ्य र सरसफाईको क्षेत्रमा गाउँपालिकाले साझेदारी संस्थासँगको सहकार्यमा काम गर्दै आएको र आगामी दिनमा पनि सहकार्य रहने प्रतिवद्धता व्यक्त गरेका छन् ।



शिक्षा, स्वास्थ्य, खानेपानीका क्षेत्रमा १२ भन्दा बढी संस्थासँग साझेदारी कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरिएको अध्यक्ष मुक्तानले बताए । आमनागरिकलाई स्वास्थ्य बाट बञ्चित नहोस् भन्ने हेतुले सेवाप्रदान गर्दै आएको क्लिनिकले आगामी दिनमा पनि थप सुविधाका साथ सेवाप्रदान गर्ने विश्वास लिएको उनले बताए । घरमै डेलीभरीको अन्त्यका लागि १० नम्बर वडा र ६ नम्बर वडामा प्रसुती सेवा चालु आवमा सञ्चालनमा ल्याउने तयारी गाउँपालिकाको रहेको उनले बताए ।

स्वास्थ्य क्षेत्र सेवामा सक्रिय रहेको प्रेम सेवा समाजले सञ्चालनमा ल्याएको स्वास्थ्य क्लिनिक १९ लाख ९७ हजार रूपैयाँ लागतमा भवन निर्माण गरिएको समाजका अध्यक्ष मीरा स्याङ्तानले बताइन् । भवन निर्माणका लागि कैलाश गाउँपालिकाले १० लाख, बागमती प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालयको ५ लाख, प्रेम सेवा समाजको ४ लाख ९६ हजार ९२४ रूपैयाँ लागतमा तीन कोठे भवन निर्माण भएको उनले बताइन । समाजका अध्यक्ष स्याङ्तानको अध्यक्षतामा कार्यक्रम भएको हो ।

## मनी महोत्सवकै ...

रायमाझीले बताए । कार्यक्रमका लागि आवश्यक संरचना सडकलाई कम प्रभाव पर्ने गरि निर्माण गरिनेछ भने यातायात सहज बनाउन वैकल्पिक मार्गको प्रयोगको व्यवस्था मिलाइनेछ ।

घैटो फुटाउने दिन हेटौंडा तथा काठमाण्डौ जाने सवारी साधनलाई करिब ३ घण्टाका लागि थाहा नगर उद्योग वाणिज्य संघको भवनदेखि रूप्से किटेनी सडक अन्तरगत ४ नम्बर वडा कार्यालय प्राथमिक स्वास्थ्य केन्द्र सडक वा किटेनी हुँदै बसपार्क-थानाबजारसम्मको बैकल्पिक मार्ग प्रयोग गर्न आग्रह गरिएको छ ।

मेला अवधिभर करिब ३ सय जना स्वंसेवक परिचालन हुने र थाहानगर प्रहरी, इलाका प्रहरी कार्यालय पालुङ, सशस्त्र प्रहरी लगायतले सुरक्षा व्यवस्थापनमा सहयोग गर्ने आयोजकले जनाएको छ । साथै कृष्ण मन्दिरमा पुजागर्न आउने भक्तजनहरूको लाईन व्यवस्थापन लगायतको स्वयंसेवाको लागि दामन चेली समाजले सहयोग गर्नेछ ।

कृष्ण जन्माष्टमी मेला धार्मिक आस्थासंगै सांस्कृतिक सम्पदाको प्रतीक भएकाले सबै भक्तजन र दर्शकलाई अनुशासित रूपमा सहभागी हुन अनुरोध आयोजकले गरेको छ। मेलामा सहभागी हुँदा भीड व्यवस्थापनमा सहयोग गर्न, यातायात नियम पालन गर्न र वातावरण स्वच्छ राख्न आग्रह गरिएको छ। मेलाकै अवसरमा बजार क्षेत्रमा बाल खेल स्थलका साथै बिभिन्न सामग्रीहरूको ३ सय भन्दा बढी स्टल रहने आयोजकले जनाएको छ ।


थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

उपभोक्ता हित संरक्षणमा जारी सूचना

उद्योग तथा व्यवसायका लागि :

१. विक्रेताले विक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी विक्री कक्षमा राख्नुपर्नेछ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
3. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढक, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र विक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुन: तौल गर्न लगाउने ।
६ नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी उजुरी दिने।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, बर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव) हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. विमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरबदल गर्नुपर्नेछ ।
११ खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि तरकारी पकाउनु पर्नेछ ।
१२. वासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१७. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य बस्तु विक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने।
१८. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र विक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र विक्री वितरण गरौं।
१९. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।

वस्तु तथा सेवामा समान पहुँच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो। आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।



उपचार खर्च सम्बन्धी थाहा नगरपालिकाको सूचना

यस थाहा नगरपालिकामा संघीय सरकारबाट प्राप्त अनुदान मार्फत मृगौला प्रत्यारोपन गरेका, डायलासिस गरिरहेका रोगी र मेरुदण्ड पक्षघाका विरामीलाई औषधि उपचार बापत खर्च उपलब्ध गराउने कार्यविधि, २०७८ अनुसार नामावली समावेश भएका लाभग्राहीहरुलाई मासिक रुपमा पाँच हजार रुपैयाँ उपचार खर्च उपलब्ध गराउँदै आएकोमा हाल भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट प्राप्त गरिब परिचय पत्र थाहा नगरपालिकाको सबै वडाहरुमा वितरण भैसकेकोले सोही कार्यविधिको नियम २ (ग) अनुसार गरिबीको परिचय पत्र पाएकाहरुलाई मात्र उक्त सुविधा दिने व्यवस्था भएको सम्पूर्णको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

थाहा नगरपालिका
स्वास्थ्य शाखा





समयमै व्यक्तिगत घटना दर्ता गरौं।

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा




जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

## घरैमा उपचार गर्ने ५ नियम

झाडापखाला हुनासाथ एक लिटर सफा पानीमा एक पुरिया जीवनजल राखी राम्ररी घोल्ने र पटक पटक खुवाउने

प्रशस्त मात्रामा सफा तथा झोल कुराहरु पटक पटक खान दिने

नरम तथा सजिलै पच्ने खानेकुरा थोरै थोरै गरी पटक पटक खुवाइरहने

स्वास्थ्यकर्मीले सिफारिस गरे अनुसार जिङ्क चक्कीको मात्रा नबिराइकन खुवाउने



व्यक्तिगत सरसफाईमा ध्यान दिने, र स्वच्छ पानी तथा खाना खाने

थाहा नगर खानेपानी व्यवस्थापन बोर्ड २०७६


# वनकर्मीहरुलाई तीनै तहका सरकारद्वारा सहयोगको अपेक्षा

◆ विकास संवाददाता

सामुदायिक वन समूहले गरेका कामहरूले विश्वमा नेपालको नाम राखेको हेटौडामा आयोजित सामुदायिक वनको उपलब्धि र आगामी कार्यदिशाा विषयक छलफल कार्यक्रममा सहभागीहरूले बताएका छन ।

दशौं सामुदायिक वन दिवसको अवसरमा सामुदायिक वन उपभोक्ता महासंघ, मकवानपुरले आयोजना गरेको कार्यक्रममा बोल्दै रानी सामुदायिक वनका अध्यक्ष केशव धितालले सामुदायिक वनले समूहमा आवद्ध विपन्न वर्गका उपभोक्ताहरूको आर्थिक स्थितिमा सुधार ल्याउनुको साथै पर्यापर्यटनको विकासमा समेत महत्त्वपूर्ण काम गरेको बताए ।

तीनै तहका सरकारले सहयोग गर्नु पर्ने, सामुदायिक वनको कार्ययोजना समयमा नै नवीकरण हुनु पर्ने, समूहको भेला, लेखापरीक्षण, बैठक समयमा नै हुनु पर्ने, सरकारले लगाएको तेहोरो कर खारेज गर्नु पर्ने, वन्यजन्तुबाट क्षति भएका बालीनालीको क्षतिपूर्ति दिनु पर्ने, वनडढेलो नियन्त्रणमा सक्रिय हुनु पर्ने लगायतका विषयहरूमा सहभागीहरूले आफनो धारणा राखेका थिए ।

कार्यक्रममा सामुदायिक वन उपभोक्ता महासंघ मकवानपुरका कोषाध्यक्ष बलराम अधिकारीले सामुदायिक वनको उपलब्धि, आगामी कार्यदिशा र चुनौती विषयक कार्यपत्र पेश गरेका थिए । मकवानपुर जिल्ला समन्वय समितिका प्रमुख ललित कुमार घलानको प्रमुख आतिथ्यता रहेको थियो ।


## थाहा नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### इन्द्रायणी चौर, मकवानपुर

## जनहीतमा जारी सन्देश !

१. घर-टहरा आदि संरचना बनाउनु अघि अनिवार्य रूपमा नक्सा पास गरौं ।
२. सबै नगरबासीहरूले आफ्नो टोल, चोक गल्ली, बाटो-घाटोका साथै सार्वजनिक जग्गा, मठ-मन्दिर, पाटी-पौवा, नदीनालाहरू र अन्य सार्वजनिक स्थलहरूको संरक्षण गरौं ।
३. सार्वजनिक स्थलहरूमा जथाभावी फोहर नगरौं । वातावरण जोगाऔं ।
४. नगरपालिका क्षेत्रभित्र व्यवसाय गर्ने सबै प्रकारका व्यवसायीहरूले अनिवार्य रूपमा आफ्नो व्यवसाय वडा कार्यालयमा दर्ता गरेर (सम्बन्धित निकायमा ईजाजत लिनुपर्ने भएमा लिएर) मात्र व्यवसाय सञ्चालन गरौं ।
५. सडकमा निर्माण सामाग्री, व्यावसाय जन्य ठेलागाडा नराखौं; अव्यवस्थित पार्किङ नगरी सडक अतिक्रमण हुनबाट रोकौं ।
६. सडकमा पैदल यात्रीलाई पहिलो प्राथमिकता दिऔं ।
७. कुनै पनि किसिमको व्यक्तिगत घटनाहरू (जन्म, विवाह, बसाइँ-सराई, सम्बन्ध बिच्छेद र मृत्यु) घटना घटेको ३५ दिनभित्र वडा कार्यालयमा अनिवार्य रूपले दर्ता गर्ने गरौं ।
८. नगरपालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै नगरवासीले सहयोग गरौं !
९. आफ्ना बालबालिकाहरूलाई उपयुक्त समयमा नै खोप लगाई सम्भावित रोगबाट बचौं !
१०. ट्राफिक सिग्नल र नियमको पालना गरौं, तीव्र गतिमा सवारीसाधन नचलाऔं, पैदलयात्रीलाई पहिलो प्राथमिकता दिऔं ।
११. सार्वजनिक स्थलबाट १०० मि. वरपरको क्षेत्रभित्र सूर्तीजन्य पदार्थको सेवन तथा बिक्री वितरण गर्ने/गराउने नगरौं ।



Aayo !
आयो !
suchanasewa
सूचनासेवा



9807153300



## सम्पत्ति विवरण बुझाऔं !

- सार्वजनिक पद धारण गरेको व्यक्तिले आर्थिक वर्ष समाप्त भएको ६० दिनभित्र सम्बन्धित निकायमा सम्पत्ति विवरण बुझाइसक्नु पर्छ,
- राजीनामा वा अनिवार्य अवकास भई सेवा निवृत हुनेले समेत सेवा निवृत्त हुने आ.व. सम्मको सम्पत्ति विवरण बुझाउनु पर्छ,
- प्रदेश वा स्थानीय तहमा रहेका सार्वजनिक पद धारण गर्ने व्यक्ति तथा कर्मचारीले आफू कार्यरत कार्यालयमार्फत सम्बन्धित प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सम्पत्ति विवरण बुझाउनु पर्छ,
- करारमा कार्यरत कर्मचारीले कार्यरत निकायमै सम्पत्ति विवरण बुझाउनु पर्छ,
- सम्पत्ति विवरण बुझाउने दायित्व सम्बन्धित व्यक्तिको हो,
- समयमा सम्पत्ति विवरण नबुझाउनेलाई कानून बमोजिम जरिवाना हुन्छ ।

*"त्यसैले समयमै सम्पति विवरण बुझाऔं, सुशासनमा सहयोग गरौं"* ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**



## सञ्चार सीप तथा कम्प्युटर सम्बन्धी काम सबै काम एकै ठाउँमा




**पालिका प्रेस**
इन्द्रसरोवर-१ मकवानपुर
सम्पर्क: ९८५५०३७५६१
palikapress.com@gmail.com

### हाम्रा सेवाहरू :
- समाचार लेखन तथा सम्पादन
- समाचार पत्र सेटिङ
- फोटो, भिडियो तथा अडियो पत्रकारिता
- अनलाइन पत्रकारिता
- कम्प्युटर सम्बन्धी आधारभूत सीप


● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : संगम आर्टस्, हेटौंडा-२ ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी